अन्तिम लेखापरीक्षण प्रतिवेदन

काठेखोला गाउँपालिका, बागलुङ्ग

आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः २०७८/७९
च.नं.: २०८

मितिः २०७८।०५।०४

श्री अध्यक्षज्यू,
काठेखोला गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
बिहुँकोट, बागलुङ ।

विषयः- <u>लेखापरीक्षण प्रतिवेदन ।</u>

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदनउपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजुउपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः २०७८/७९ च.नं.: १८४ मितिः २०७८।०५।०४

श्री अध्यक्षज्यू,
काठेखोला गाँऊपालिका,
बिहुँकोट, बाग्लुङ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले काठेखोला गाँऊपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय- व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूतरुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तीय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु. १ करोड ७१ लाख ५६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. २ लाख ६० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ७१ लाख ४९ हजार, नियमित गर्नुपर्ने रु. ३४ लाख ११ हजार र पेश्की बेरुजु रु. ६३ लाख ३६ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१०।२५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फर्छ्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २५ (पच्चिस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्ततालै सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरुपमा गलत आँकडा मानिएको छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

काठेखोला गाउँपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७६/७७

परिचय : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ८ वडा, ४४ सभा सदस्य, ८२.८८ वर्ग किलोमिटर क्षेत्रफल तथा २६ हजार जनसंख्या रहेको छ ।

स्थानीय संचितकोषः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाव सहितको आर्थिक वर्ष २०७६।०७७ को संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

प्राप्ती भुक्तानी हिसाब							
आय				व्यय			
सि. नं.	विवरण	रकम		सि. नं.	विवरण	रकम	रकम
१	**बैंक मौज्दात रकम**	२९९७४७८४	**२९९७४७८४**	१	**चालु खर्च जम्मा**	६२५१८१९७.७४	**६२५१८१९७.७४**
२	**धरौटी मौज्दात**	३००३०९	**३००३०९**				
३	**वित्तीय हस्तान्तरण**		**३३१२९२३११**				
	वित्तीय समानीकरण	९९१०००००		२	**पूँजीगत खर्च**	११९२६९३८६	**१२९८५३४७५**
	सशर्त अनुदान संघ	२२६४३२७१८		३	**समपूरक अनुदान संघीय सरकार**	५९०००००	
	झोलुङ्गे पुल	४५०००००			प्रदेश सशर्त अनुदान पूँजीगततर्फ	४६८४०८९	
	प्रधानमन्त्री रोजगार कार्यक्रम	१२५९५९३			सशर्त अनुदान खर्च		**२२५६०३९६१**
४	**जम्मा प्रदेश अनुदान**				सशर्त अनुदान खर्च	२१९८४४३६८	
	प्रदेश समानीकरण अनुदान	१२३६००००	**१२३६०००० **	४	**झोलुङ्गे पुल**	४५०००००	
	सशर्त अनुदान पूँजीगत प्रदेश सरकार	४६८४१००	**४६८४१००**	५	**प्रधानमन्त्री रोजगार कार्यक्रम**	१२५९५९३	
	समपूरक अनुदान संघीय सरकार	६६०००००	**६६००००० **	६	**ज्येष्ठ नागरिक र सामाजिक सुरक्षा**	९२०६०२००	**९२०६०२०० **
	बिशेष अनुदान संघीय सरकार	२५०००००	**२५००००० **	७	**प्रदेश सशर्त तर्फको खर्च**	०.००	
	सामाजिक सुरक्षा	९२०६०२००	**९२०६०२०० **		प्रदेश सशर्त तर्फको निकासा फिर्ता	०.००	
५	**आन्तरिक आय, मालपोत कार्यालयबाट प्राप्त र विविध आम्दानी**	३०८८४१३	**३०८८४१३ **	८	**स्थानीय साझेदारी विकास कार्यक्रम**	९९९२९४९	**९९९२९४९ **
६	**राजश्व बाँडफाँड**		**५३०३०७०६.७४**	९			
	राजश्व बाँडफाँड संघ	५००८३७०६.७४		१०	**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण**	६२१३२३	**६२१३२३**
	राजश्व बाँडफाँड प्रदेश	२९४७०००		११	**प्रदेश शिक्षा विकास निर्देशानलय खर्च**	२९५००००	**२९५०००० **

प्राप्ती भुक्तानी हिसाब							
आय				व्यय			
सि. नं.	विवरण	रकम		सि. नं.	विवरण	रकम	रकम
७	राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण	६२१३२३	६२१३२३	१२	धरौटी फिर्ता	३५७१०२	३५७१०२
					धरौटी मौज्दात	६६८७००	६६८७००
८	स्थानीय साझेदारी विकास कार्यक्रम	११६३८८५९	११६३८८५९	१३	बैंक बाँकी रकम	१६५९४०५८	१६५९४०५८
९	प्रदेश शिक्षा विकास निर्देशानलय	२९५००००	२९५००००		बैंक बाँकी मध्ये सशर्त अनुदान निकासा फिर्ता ७९६०५१४	७९६०५१४	७९६०५१४
१०	धरौटी आय	७२५४९३	७२५४९३				
					प्रकोप व्यवस्थापन कोष (कोभिड -१९) खर्च	४०८०३९२	४०८०३९२
११ १	प्रकोप व्यवस्थापनको लागि अन्य स्रोतबाट सहायता	४१९४०७८	४१९४०७८		बैंक बाँकी प्रकोप ब्यबस्थापन कोष	२७५९७०५	२७५९७०५
	कूल जम्मा		५५६०२०५७६.७४		कूल जम्मा		५५६०२०५७६.७४

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
१.	**वित्तीय विवरण** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :- • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन • कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शीर्षकगत बैक नगदी किताबमा नजनाएकाले तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ठ हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको । • स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सूत्र)को प्रयोग पूर्णरुपमा पालना गरेको पाइएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाइएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
२.	**बैक हिसाब मिलान नगरेको :** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिकरुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ ।	

सि.नं.	खाताको नाम	आषाढ मसान्तसम्म	बैंक बाँकी	फरक
१	सञ्चितकोष	२९४१०९९६.६७	१६५९४०५८.१९	१२८१६९३८.४८
२	चालु खर्च खाता	१२४४५४२५.५२	२७२९७८०.५२	९७१५६४५.००
३	सञ्चितकोष पूँजीगत	६१७५७००.००	२४०८६९१.००	३७६७००९.००
४	धरौटी	६६८७००.००	७०८६९१.००	३९९९१.००
	जम्मा	**४८७००८२२.१९**	**२२४४१२२०.७१**	**२६३३९५८३.४८**

३.	**राजस्व बाँडफाडमा बढी खर्च :** काठेखोला गाउँपालिका कार्यालयले नेपाल सरकारको रु.	

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

५००८३७०६।७४ र प्रदेश सरकारबाट रु.२९४७०००। राजस्व बाँडफाँडबाट प्राप्त रकम रु.५,३०,३०,७०६।७४ मा खर्च रु.५,६७,८०,४२६। भएकोमा रु.३७,४९,७१९।२६ बढी खर्च भएको देखिएको छ ।

सि.नं.	बजेट श्रोत	निकासा	खर्च	बढी खर्च
१	नेपाल सरकार	५००८३७०६.७४	५३७६६६०८.००	३६८२९०१.२६
२	प्रदेश सरकार	२९४७०००. ००	३०१३८१८. ००	६६८१८. ००
	जम्मा	**५३०३०७०६.७४**	**५६७८०४२६.००**	**३७४९७१९.२६**

४. **स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सूत्र) :** स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सूत्र) को प्रयोग गरे तापनि तपशील बमेजिमका श्रेस्ता सूत्रमा प्रविष्ट नगरी म्यानूअल खाता राखेकोले पालिकाको हिसाव यथार्थपरक मान्न सकिएन ।

सि.नं.	विवरण	निकासा	खर्च
१	सामाजिक सुरक्षा	९२०६०२०९	९२०६०२०९
२	स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम	११६३८८६८	११६३८८६८
३	राष्ट्रिय परिचयपत्र	६२१३२३	६२१३२३
४	शिक्षा विकास निर्देशनालय	२९५००००	२९५००००
	जम्मा	**१०७२७०४००**	**१०७२७०४००**

५. **सशर्तको रकम फिर्ता :** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.स. ०७४।७५ च.नं.१०६४ मिति २०७५।०३।०३ को सशर्त अनुदान रकम फिर्ता सम्वन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु पंक्षी मन्त्रालय लगायतवाट प्राप्त भएको रकम २०७७ आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा सशर्त नेपाल सरकारको बाँकी रकम रु.४७,६०,५२५। मध्ये २०७७।६।१ मा रु.२७,३६,७२१। र मिति २०७७।३।३१ मा रु.२०,२३,७९३। कोष तथा लेखा नियन्त्रक कार्यालय फिर्ता गरेको छ । विशेष अनुदानको रकम रु. २५,००,०००। र समपूरकको रकम रु.७,००,०००। समेत रु.३२,००,०००। २०७७।३।३१ मा कोष तथा लेखा नियन्त्रक कार्यालय फिर्ता गरेको छ । साथै सामूदायिक पूर्वाधार विकास साझेदारी कार्यक्रमको बाँकी रकम रु.१६,४६,०१९। कोभिड कोषमा पठाएको पाइयो ।

सि.नं.	शीर्षक	निकासा	खर्च	बाँकी
१	सशर्त नेपाल सरकार	२३५१२५०००	२३०३६४४८४	४७६०५२५
२	सामाजिक सुरक्षा	९२०६०२०९	८९९७०८०९	२०८९४००
३	समपूरक	६६०००००	५९००००००	७०००००
४	विशेष अनुदान	२५०००००	०	२५०००००
५	सामुदायिक पूर्वाधार विकास साझेदारी कार्यक्रम	११६३८८६८	९९९२८४९	१६४६०१९
	जम्मा	**३४७९२४०७७**	**३३६२२८१४२**	**११६९५९४४**

६. **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा लागू गरेको पाइएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशील वमोजिम रहेका छन् ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाइएन ।

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	• पालिकाले एक आर्थिक वर्षको अन्त्यभित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसूची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाइएन । • कार्यालयको श्रेस्ता र वैक वीचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सूत्र) आंशिकरुपमा प्रयोग गरेको पाइयो । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालिन खर्चको संरचना तयार गरेको पाइएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितणमुखी रहेको पाइयो । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाइएन । • जिन्सी निरीक्षण गरी प्रतिवेदन दिए पनि प्रतिवेदनमा विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु व्यहोरा उल्लेख गरेको पाइएन । • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको पाइएन । • मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको । • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकमको भुक्तानी दिँदा रीत पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्नेमा तोकेको पाइएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन ।	

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्नेमा अधिकांशतः पालना भएको पाइएन। • वातावरणको संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार गर्नुपर्नेमा पालिकाले ऐन र कार्यविधि बनाएकोमा आवधिक योजना बनाएको पाइएन । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन। • निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागू गरेको पाइएन । • निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाइयो । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको श्रोत नक्सांकन वा गाउँपालिकाको प्रोफाइल तयार गर्नुपर्नेमा सो तयार गरेको पाइएन । • स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले स्थानीय तथ्याङ्क र अभिलेख राखेको पाइएन । • निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढांचाको नापी किताब म.ले.प.फा.न. १७१ र नापी किताब नियन्त्रण खाता म.ले.प.फा.नं.१७२ मा समेत अभिलेख राखी स्वीकृत ढांचा बमोजिमको नापी किताव प्रयोगमा ल्याइनुपर्नेमा ल्याएको पाइएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार संस्था बिधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन । कार्यालयले उपभोक्ता समिति दर्ता नगरी निर्माण कार्य गराएकोमा सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन स्थायी संयन्त्र मार्फत काम गर्ने गरी उपभोक्ता समिति दर्ता गर्नुपर्दछ । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था रहेकोमा सो गरेको पाइएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिम कार्य भएको पाइएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर	

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्नेमा गुणस्तर परीक्षण गरेको पाइएन । • भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ (१) मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीहरुले भ्रमण समाप्त भएपछि नियमानुसार आवश्यक बिल भरपाई सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने र नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्नेमा भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन । • मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजूको लगत तयार गरेको पाइएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवाप्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
	• **बजेट तथा कार्यक्रम**	
७.	**बजेट पेश, पारित र अख्तियारी :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री अर्जुनबहादुर खत्रीले मिति २०७६।३।१० गते रु.४३ करोड ८४ लाख ४२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।२५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।४।५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।	
८.	**नीति तथा कार्यक्रमको कार्यान्वयन स्थिति :** निकायको आ.व. २०७६।७७ को नीति तथा कार्यक्रममा उल्लेख भएका कार्यक्रम मध्ये कति उद्धेश्य पूरा भयो वा प्रगति प्राप्ति भयो र कुन कुन कार्यक्रम पूरा भएका छैनन भनी विश्लेषण गरेको छैन । नीति तथा कार्यक्रम र वजेटमा उल्लेखित व्यहोराको कार्यान्वयन सम्बन्धमा प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।	
९.	**योजना र कार्यान्वयन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालिन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा बजेट व्यवस्था गरेको छ । ठूला योजना छनौटलाई प्राथमिकतामा राखिनु पर्दछ ।	

योजना र कार्यान्वयन

क्र. सं.	विवरण	योजना संख्या	रकम
१	रु. १ लाख भन्दा कमको योजना	७७	६६७७२५१
२	रु. एक लाख एक देखि पाँच लाख सम्मका योजना	२३५	६५०७९८७२

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

३	रु. ५ लाख देखि १० लाख सम्मका योजना	२२	१६३९४०००
४	रु. दश लाख एक देखि ५० लाख सम्मा योजना	२०	३७४४१०००
५	रु. ५० लाख भन्दा माथिका योजनाहरु	०	०
	जम्मा	**३५४**	**१२५५९२१२३**

१०. **क्षेत्रगत बजेट र खर्च -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कूल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	२६५८३०००	२५७०७८५६	६.०८
सामाजिक क्षेत्र	२७९१३७८००	२५९९४०५०३	६१.४९
पूर्वाधार विकास क्षेत्र	१२१४४७३५०	८२८१६२८८	१९.५९
वित्तीय व्यवस्थापन र सुशासन	११०००००	७९००००	१.१९
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	५८५१५८५०	४९०१६५१९	११.६५
जम्मा	**४९४१५८०००**	**४२२७३६१५८**	**१००%**

११. **खर्च विश्लेषणः** पालिकाले यस वर्ष कूल आन्तरिक आयबाट रु.३०,८८,४१३।०० राजस्व बाँडफाँडबाट रु.५३०,३०,७०६।७४ र अनुदानबाट रु.३५,४९,३६,४११।०० समेत रु.४१,१०,५५,५३०।७४ आम्दानी भएकोमा चालुतर्फ रु.२८,५८,५५,१७९। र पूँजीगततर्फ रु.१३,६८,८०,९७९।०० समेत रु.४२,२७,३६,१५८।०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.७४ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रु.५२,००,०००। खर्च भएको छ जुन आन्तरिक आयको ५९.३९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६७.६२ प्रतिशत चालु र ३२.३८ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

१२. **अबण्डा बजेट :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.५१ लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम पूँजीगततर्फ शीर्षकमा रु.५१ लाख बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

१३. **चौमासिक पूँजीगत खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असरपर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । (रु हजारमा)

चौमासिक कार्यक्रम सञ्चालन/पूँजीगत खर्च विवरण

क्र.सं.	बजेट उपशीर्षक	कूल खर्च	चौमासिक खर्च			
			प्रथम चौमासिक	दोश्रो चौमासिक	तेश्रो चौमासिक	आषाढ महिना
१	समानीकरण अनुदान	९९१००	१९५०	२८५१०	६८६४०	४०८६०

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

२	राजस्व वाँडफाँड	५६७८०	७८०१	१९३९९	२९५८०	१९७०३
३	सशर्त अनुदान	३२८४५७	५२८९१	८३६८२	१८१८८४	६९१७४
	जम्मा	**४८४३३७**	**६२६४२**	**१३१५९१**	**२८०१०४**	**१२९७३७**

उपरोक्त विवरण अनुसार बिभिन्न व.उ.शी.नं. मा यस वर्ष रु ४८ करोड ४३ लाख ३७ हजार खर्च भएको मध्ये तेस्रो चौमासिकमा मात्र ५७.८३ प्रतिशत र आषाढमा २६.७९ प्रतिशत खर्च गरेको पाइयो । यसरी आर्थिक वर्षको अन्ततिर मात्र अधिक मात्रामा कार्य सञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दीगोपनामा समेत नकारात्मक असर गर्ने स्थिति रहन्छ । तसर्थ आर्थिक वर्षको अन्ततिर मात्र अत्यधिक खर्च गर्ने प्रबृत्तिमा नियन्त्रण तथा सुधार हुनुपर्दछ ।

१४. **लक्ष्य प्रगति :** आर्थिक कार्यबिधि नियमाबली २०६४ को नियम २५ अनुसार बजेट तथा कार्यक्रम गर्ने प्रत्येक कार्यालयले अनुसूची २ को ढाँचामा चौमासिक प्रगति बिबरण तयार गर्नुपर्ने र नियम २६ बमोजिम तालुक निकायले त्यस्तो भौतिक तथा वित्तीय प्रगतिको समीक्षा गरी प्रगति कम हुनुका कारण पहिचान गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपरोक्त व्यबस्था अनुसार आफूले गरेको बार्षिक कार्यक्रमको प्रगति बिबरण तयार गरेको देखिएन । प्रगति बिबरण तयार नभएबाट समग्र कामको मूल्याँकन हुनसक्ने देखिएन । नियमावलीको व्यबस्था अनुसार प्रगति बिबरण तयार गरी सम्पन्न कामको मूल्याँकन गर्ने व्यबस्था गर्नुपर्ने देखिन्छ ।

संगठन तथा कर्मचारी ब्यवस्थापन :

१५. **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित २६ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार सवईन्जिनयर र खा.पा.स.टे. सहित २ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१६. **कर्मचारी करार :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा १७ जना कर्मचारीहरु पालिकामा करारमा राखी रु.८९,४८,२१०। खर्च लेखेको छ । त्यसै गरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्टीसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा ११ जना सशर्तका करार नियुक्ति गरी बर्षभरिमा रु.२४,१८,०७०। समेत रु.८९,४८,२१०। भुक्तानी गरेको नियम सम्मत देखिएन।

करार कर्मचारीको विवरण

क्र.सं.	कर्मचारीको विवरण	तलब	पोशाक भत्ता	स्थानीय भत्ता	जम्मा	स्रोत	कर्मचारी संख्या
१	गाउँपालिका आन्तरिक	३३५२८२०	३००००	३१३२०	३४१४१४०	आन्तरिक	१४

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

२	स्वास्थ्य शाखा	१९२४०००	०	०	१९२४०००	सशर्त	१०
३	एक गाउँ एक प्राविधिक	२७६६०००	८००००	०	२८४६०००	सशर्त	८
४	गाउँपालिका **IT Officer(PLGSP)**	४६७८७०	१००००	१६२००	४९४०७०	सशर्त (७५% संघ २५% स्थानीय)	१
५	मातृ तथा नवशिसु कार्यक्रम	२६००००	१००००	०	२७००००	सशर्त	१
	जम्मा	**८७७०६९०**	**१३०००० ४७५२०**		**८९४८२१०**		**३४**

१७.	**कल्याण कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेको छैन ।	
१८.	**भवन नक्सा पास :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ वमोजिम गाउँपालिका क्षेत्रमा नक्सा पास नगराई घर निर्माण गर्न नपाइने व्यवस्था छ । गाउँपालिकामा यस वर्ष कुनै पनि भवन निर्माण अनुमति नदिएको गाउँपालिकाले पेश गरेको विवरणबाट देखिन्छ । गाउँपालिकाले क्षेत्र भित्र रहेको घरहरुको नक्साङ्कन गर्ने, नयाँ निर्माणाधीन भवनहरुको निगरानी र अनुगमन बढाई नक्सा पास गराउन प्रोत्साहित गरी गाउँपालिकाको राजस्व बृद्धि गर्नेतर्फ आवश्यक पहल गर्नुपर्दछ।	
	• **कानून निर्माण एवं कार्यान्वयन**	
१९.	**कानून र सञ्चालन स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २२ वटा ऐन कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । साथै पालिकाले २२ वटा कानूनहरु निर्माण गरी सभा। कार्यपालिकाबाट स्वीकृत गरे तापनि उक्त कानूनहरु कार्यान्वयनमा ल्याउनु पर्दछ।	
२०.	**न्यायिक समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष १२ विवाद दर्ता भएकोमा १० वटा फर्छ्यौट भई २ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्छ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
२१.	**खाना तथा विविध खर्च :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले बैठक तथा अन्य क्रियाकलाप सँचालनार्थ बिबिध खर्च लेख्दा उपस्थिति संख्या, कार्यक्रमको पुष्ट्याई लगायतका बिबरण तथा बैठक कार्यक्रम संचालनको लागि लागत अनुमान तयार गरी खर्च लेख्नुपर्दछ । गाउँपालिकाले बिबिध बैठक तथा कार्यक्रम सँचालनार्थ खर्च भएको उल्लेख गरी खर्चको पुष्ट्याई बेगर केबल बिल भरपाई मात्र सँलग्न गरी निम्नानुसार बिबिध शीर्षकबाट खाजाखाना बापतको खर्च लेखेको छ । यसरी खर्च लेखेबाट बास्तबिक रुपमा खर्च भएको हो होइन यकिन गर्ने आधार भएन यस किसिमका खर्च नियन्त्रण गर्नु पर्दछ । केही उदाहरणहरु :	

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

भौ.नं. मिति	शीर्षक	खर्च रकम
८.२०७६।०६।०६	अतिथि सत्कार	२३८६३८
२०.२०७६।०७।०४	अतिथि सत्कार	१५१४६०
२७.२०७७।०७।१९	अतिथि सत्कार	७००००
५२.२०७६।०८।०४	विविध खाद्य सामग्री बिल	५०११५
५४.२०७६।०८।०५	खाजा खाना वापत बिल	२२१५०
७०.२०७६।०८।२३	विभिन्न होटल बिल भर्पाई	१११८७०
९७.२०७६।०९।२३	विभिन्न होटल बिल भर्पाई	२४८००
२०२.२०७६।११।२७	विभिन्न होटल बिल भर्पाई	११२२२४
२०७।२०७७।०२।२६	विभिन्न होटल बिल भर्पाई	४९८८०
२११.२०७६।१२।०७	विभिन्न होटल बिल भर्पाई	१९७००
२२४.२०७७।०१।१०	विभिन्न होटल बिल भर्पाई	३९६५०
२२९.२०७७।०१।२३	विभिन्न होटल बिल भर्पाई	१२०००
२३१.२०७७।०१।२८	विभिन्न होटल बिल भर्पाई	२५२१०

- **अनुदान फिर्ता, वितरण र उपयोग**

२२. **विशेष अनुदान** - प्रदेश सरकार र अन्तर्गतका मन्त्रालयहरुले विभिन्न मितिमा स्थानीय तहमा अख्तियारी प्रदान भई अनुदान रकम असार मसान्तसम्म खर्च हुन नसकेमा प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ । यस स्थानीय तहलाई एकघर एकधारा कार्यको लागि मा रु.५०,००,०००। विशेष अनुदान प्राप्त भएको रु.२५,००,०००। निकासा लिई फिर्ता गरेको पाइयो । क्रमागत योजना रहेकोमा ठेक्का लिइ काम नभएकोले फिर्ता गरेको गाउँपालिकाले जनाएको छ ।

२३. **रोजगार प्रवर्द्धन कार्यक्रम** स्थानीय तहहरु बीच सुरक्षित आप्रवासन सामी **(Sufer Migration Project)** परियोजनाको प्रभावकारी कार्यान्वयनका लागि बागलुङ नगरपालिका गल्कोट नगरपालिका जैमनी नगरपालिका र काठेखोला गाउँपालिका बीच २०७६।५।२३ मा समझदारी पत्र गरेकोमा यस समझदारीले परियोजनाबाट प्रदान गरिने सेवाको गुणस्तरमा वृद्धि गर्न दोहोरोपनालाई हटाउन प्रशासनिक झन्झट र खर्चलाई न्यूनीकरण गर्न स्थानीय तहहरु बीच एक आपसमा सहयोग सहकार्य अभिवृद्धि गर्न वैदेशिक रोजगारी जस्तो बहुआयामिक विषय तथा यसका समस्याहरुलाई संयुक्त रुपमा कार्यक्रमहरु संचालन गरी वैदेशिक रोजगारीबाट अधिकतम लाभ लिनसक्ने र सामाजिक दुष्प्रभावहरुलाई घटाउने उद्देश्यले समझदारी गरेको पाइयो । यस गाउँपालिकाले तपशील बमोजिमको रकम रु.७,६२,४४९।५६ सेवा प्रदायक संस्थालाई भुक्तानी खर्च लेखेको देखियो । समझदारी पत्रको बूँदा नं. ३.१६ मा सेवा प्रदायक संस्थाको सहयोग लिई चौमासिक अर्धवार्षिक र वार्षिक प्रतिवेदन तयार गरी परियोजना व्यवस्थापन समिति तथा सम्बन्धित मन्त्रालयमा पेश गर्ने बूँदा नं. ३.१७ मा सेवा प्रदायक संस्थाको नियमित अनुगमन गरी सो संस्थाले प्रदान गरेको गुणस्तर कर्मचारीको गतिविधि वारे सुझावहरु र सिफारिशहरु सम्बन्धित निकायलाई उपलव्ध गराउने उल्लेख गरेकोमा सो बमोजिम भए गरेको पाइएन ।

भौ.नं. मिति	विवरण	भुक्तानी रकम
५०-२०७६।१२।३०	२०७६ पुस र माघको भुक्तानी	१३०९७३।६९
७२-२०७७।२।२९	२०७६ फागुन चैत्र र २०७७ बैशाख	३७९५८९।८७
९०-२०७७।३।१७	२०७७ जेष्ठ र आषाढ	२३३५०९।००
१५७-२०७७।३।३०	अनुगमन मूल्याङ्कन बैठक भत्ता	१८३७७।००
	जम्मा	**७६२४४९.५६**

२४. **बितरणमुखी कार्यक्रमः** स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको व्यस्था रहेका छ । गाउंपालिकाले उक्त सूची तथा ऐन बमोजिम क्रियाकलाप तथा कार्यक्रमहरु संचालन गर्नुपर्दछ । स्थानीय सरकार संचालन

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	ऐनको मर्मअनुरुप गरिबी, पछौटेपन, बेरोजगारी, गरिबी लगायतका सामाजिक पछौटेपनहरुको निरुपणको लागि बिभिन्न अभिमुखीकरण तालिम, सीप बिकास लगायतका कार्यक्रमहरु संचालन गर्नुपर्ने हुन्छ । गाउँपालिकाले बिभिन्न सीप बिकास तथा अभिमुखीकरण तथा बृत्ति बिकासमा खर्च गर्नुपर्ने रकमहरु सो कार्यमा खर्च नगरी बितरणमुखी क्रियाकलापहरुमा खर्च गरेको छ । आन्तरिक आय कमजोर रहेको अबस्थामा आर्थिक असमानता हटाई बित्तीय समानीकरण ल्याउनको लागि उपलब्ध रकम गाउँपालिकाले कार्यपालिकाको निर्णय अनुसार बिभिन्न प्रयोजनको लागि बितरण गरेको छ । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ । यसरी बितरण गरिएका केही उदाहरणहरु :- भौ.नं. मिति | काम विवरण | रकम ३६२.२०७७।०२।२५ | फोहोरमैला व्यवस्थापन तथा जुठेल्ना निर्माण | २०४०४५।२२ ४७८.२०७७।०३।२९ | कृषि प्रवर्द्धन तथा कृषक पहिचान कार्यक्रम | ८००००००।०० ३०२.२०७७।०२।२९ | कोट पूजा भूमे पूजा पानि पूजा | ६२५००।०० ४३.२०७६।०८।०२ | आर्थिक सहायता | २५०००।००	
२५.	भौ.नं. ६६ मिति २०७७।०२।२१ बाट यस पालिकाका कर्मचारी होम बहादुर थापा तरल नाईट्रोजन तथा सिमेन लिन पोखरा जाँदा भ्रमण आदेश २०७७।०२।०३ देखि २०७७।०२।०६ स्वीकृत रहेकोमा भुक्तानी हुँदा बढी २ दिनको भुक्तानी भएकोले निजबाट रु.२४००। असुल गर्नुपर्ने रु.	२४००
२६.	**सरुवा भ्रमण खर्च :** बागलुङ्ग नगरपालिकाबाट यस गाउँपालिकामा सरुवा भई आएका सोमराज पाण्डे र टिकाराम शर्माले परिवार भ्रमण खर्च बुझिलिंदा अधिक दिनको बुझिलिनुका साथै हाजिर भएको दिनको एक चौथाई बुझ्नुपर्नेमा पूरा भुक्तानी भएकोले सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु. भौ.नं. मिति | भुक्तानी भएको | भुक्तानी हुनुपर्ने | बढी भुक्तानी भएको १६८.२०७७।०३।३० | १७००० | ११००० | ६००० १६८.२०७७।०३।३० | १३२०० | ८५०० | ४७०० | | जम्मा | ११७००	११७००
२७.	**अन्य व्यक्ति संस्था वा समूहको भुक्तानी :** आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ३५(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकारीले खर्च गर्नु पूर्ब उक्त आयोजना आफ्नो कार्य क्षेत्रभित्रको हो होईन यकिन गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले खर्च गर्दा गुणात्मक प्रतिफल आउने कृयाकपालहरुमा खर्च गर्न अग्रसर हुनुपर्दछ । यस गाउँपालिकाले सो कुरा बिचार नगरी धौलागिरी अञ्चल अस्पताल व्यवस्थापनका लागि यस अस्पतालले रु.७,००,०००। र उपभोक्ता समितिले रु.३,००,०००। व्यहोर्ने गरी सम्झौता गरी सोही बमोजिम भौ.नं १८७ मिति २०७६।११।२० बाट भुक्तानी दिएको पाइयो । उक्त कार्यक्रम अन्तर्गत गरिएको खरिद विभिन्न सप्लार्यसबाट कोटेसन प्रस्ताव माग गरी खरिद गर्नुपर्नेमा सोझै रु.७,००,०००। खरिद गरिएकोले नियमित नदेखिएको रु. सप्लार्यसको नाम | खरिद गरिएको सामग्री | रकम गौतम बुद्ध ट्रेडर्स | विविध मेडिकल सामग्री | ४९९६१२ रोजी मेडिको सप्लार्यस | विविध मेडिकल सामग्री | २१०००० ओम सर्जिकल कन्सर्न | विविध मेडिकल सामग्री | ३०२४४७.८९	७०००००
२८.	भौ.नं २८ मिति २०७६।०७।२० विविध खर्च शीर्षकबाट रु.१२,०००। खर्च लेखिएको र सो खर्चलाई पुष्याई गर्ने बिल भर्पाई संलग्न नरहेकोले विल भरपाई पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने रु.	१२०००
२९.	**जनता आवास कार्यक्रमः** भौ.नं. २७८ मिति २०७७।०१।२९ बाट यस पालिकाले वार्षिक	

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	स्वीकृत कार्यक्रम बमोजिम जनता आवास कार्यक्रम अन्तर्गत १० फिटे रङ्गिन जस्तापाता ११६९ गोटा र ९ फिटे रङ्गिन जस्तापाता १२०० गोटा गरी कुल जम्मा २३६९ जस्तापाता टेन्डर प्रक्रियाबाट खरिद गरी रु.२४,०८,२१७। भुक्तानी गरिएको पाइयो । जनता आवास कार्यक्रम सम्बन्धी यस पालिकाले कार्यविधि नबनाएको पाइयो । साथै जस्तापाता वितरण गरिएको ७ वटा वडा अध्यक्षले एकमुष्ठ बुझिलिएको भर्पाई संलग्न रहेको तर कति घरको लागि वितरण गरेको हो र यसरी वितरण भएको जस्तापाता प्रयोगमा आए नआएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु	२४०८२१७
३०.	**मर्मत सम्भार कोष** :पालिकाले मर्मत सम्भार कोषमा रु.२०,८३,९०७। विनियोजन गरी वर्षायाममा पहिरो पन्छाउने कार्यमा खर्च गरेको छ । पहिरो पन्छाउने काममा पहिरो गएको थियो वा थिएन यकिन गर्नसक्ने अनुगमन निरीक्षण प्रतिवेदन वा अन्य कुनै प्रमाण संलग्न नराखी पहिरो पन्छाउने सम्बन्धी बिस्तृत प्राविधिक ईस्टिमेट तथा काम सम्पन्न पश्चात कार्य सम्पन्न प्रतिवेदन विना भुक्तानी दिएको पाइयो । सो कार्य विभिन्न उपभोक्ता समिति तथा निर्माण कम्पनीलाई विना प्रतिस्पर्धा दिएको हुँदा मितव्ययी नभएको पाइयो ।	
३१.	**बढी भुक्तानीः** सार्वजानिक खरिद नियमावली २०६४ को नियम ९७ को १० मा स्वीकृत नर्मस अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ र सोही नियमावलीको उपनियम ११ मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरी सकेपछि सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस कामको जाँचपास गराएर सोही बमोझिम भुक्तानी दिनुपर्ने व्यवस्था गरेको छ । पालिकाले देहायको भुक्तानी गर्दा प्राविधिक मूल्याङ्कन भन्दा बढी भुक्तानी गरेकोले सो रकम असुल गर्नुपर्ने रु.	१४२७९०

भौ.नं.	उपभोक्ता समिति	लागत अनुमान	प्राविधिक मूल्याङ्कन	भुक्तानी रकम	बढी भुक्तानी
२८८	समसानघाट सडक निर्माण उ.स	४०००००	३९९३८८.८८	४०००००	६११.१२
३३९	पधेरा डाडा आरुघाट भूमिचौर मो.वा	३५००००	२६६०००	२९८४५९	३२४५९
३४१	मूलडाडा स्वाँरा खा.पा ट्याङ्गकी निर्माण	२०००००	१९५६७०	२०००००	४३३०
४७१	वडा कार्यालय सडक तथा भवन निर्माण	७०००००	५१५८८१	५७९२१७	६३३३६
४७८	कृषि प्रवद्धन कार्यक्रम अन्तर्गत सिंचाई पाइप खरिद	२०००००	१५७९४६.०३	२०००००	४२०५३.९७
	जम्मा				**१४२७९०**

३२.	**कार्यक्रम फरक पारी खर्च** : आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ३५ मा खर्च रकम स्वीकृत बजेट भित्र पर्दछ र खर्च गर्न बाँकी छ भने अधिकार प्राप्त अधिकारीले खर्च गर्न निकासा दिनुपर्ने व्यबस्था रहेको छ । गाउँपालिको भौ.नं ४८५, मिति २०७६।०३।२९ बाट अमर मा.वि व्यवस्थापनको रु.२,५०,०००। वार्षिक स्वीकृत कार्यक्रम बमोजिम अमर मा.वि. व्यवस्थापन अन्तर्गत ७३ सेट टेबल कुर्सी तयार कार्यको लागि रु.२८,१५०।३६ उपभोक्ता योगदान सहित रु.२,७८,१५०।३६ लागत अनुमान तयार भएकोमा १४७ सेट टेबल कुर्सी तयार भएको नापी किताब एबं कार्यसम्पन्न प्रतिवेदनमा प्रबिष्टी गरी अमर मा.वि. खानेपानी फिल्टर ट्याङ्की निर्माणको रु.२,५०,०००। रकम फर्निचर व्यबस्थापनमा खर्च लेखिएको पाइयो । लागत अनुमानमा फरक पारी एवं स्वीकृत कार्यक्रममा खर्च नगरी अन्य कार्यक्रममा खर्च गर्ने	५०००००

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	परिपाटीमा नियन्त्रण हुनुपर्ने देखिएको रु.	
३३.	**भर्पाई बेगर बैठक भत्ता :** यस पालिकाको स्वास्थ्य सम्बन्धी मासिक समिक्षा बैठक तथा Coherent Analysis कार्यक्रममा तपशील बमोजिमका पदाधिकारी तथा कर्मचारीले भौ.नं १५ मिति २०७६।०८।११ बाट भत्ता बुझेको भर्पाई बेगर खर्च लेखेकोले सम्बन्धित बाट असुल गर्नुपर्ने रु	६८००

पदाधिकारी वा कर्मचारीको नाम	बैठक संख्या	बैठक भत्ता	कर कट्टी	बुझिलिएको रकम
अम्मर बहादुर थापा	२	२०००	३००	१७००
खिम बहादुर बिक	२	२०००	३००	१७००
माधव शर्मा	१	१०००	१५०	८५०
लोक बहादुर थापा	१	१०००	१५०	८५०
विद्यापति शर्मा	१	१०००	१५०	८५०
देवीमाया भण्डारी	१	१०००	१५०	८५०
			जम्मा	**६८००**

३४.	**ईन्धन लगबुक :** कार्यालयले ईन्धन खर्च लेख्दा नियमानुसार सबारी लगबुक तयार गरी राख्नु पर्दछ । नगरपालिकाले यसबर्ष ईन्धनबापत खर्च लेख्दा स्पष्ट अभिलेख तथा लगबुक तयार नगरी केबल ईन्धन खरिदको बिलमात्र सँलग्न गरी एकमुष्ठ रुपमा ईन्धन खर्च लेख्ने गरेको पाइयो । कार्यालयमा रहेका गाडी तथा मोटरसाईकल प्रयोगको मापदण्ड तयार नगरी खर्च लेखेको पाइयो । सबारी साधनलाई ईन्धन उपलब्ध गराउँदा कोटा प्रणाली एबं लगबुक अनुसार उपलब्ध गराउनुपर्दछ । केही व्यहोराहरुः	

भौ.नं. मिति	भुक्तानी लिने व्यक्ति वा फर्म	रकम
२८.२०७६।०७।२०	विभिन्न ईन्धन बिल	१३४४५
२०.२०७७।०७।०४	विभिन्न ईन्धन बिल	३४७४६
५८.२०७६।०८।०६	विभिन्न ईन्धन बिल	३५६१७
७५.२०७६।०९।०१	विभिन्न ईन्धन बिल	३६०३१
१६२.२०७६।१०।२८	विभिन्न ईन्धन बिल	३००००

३५.	**सोझै खरिद :** सार्वजनिक खरिद नियामवली, २०६४ को नियम ८५ बमोजिम सार्वजनिक निकायले रु.५ लाखसम्मको मालसामान सोझै खरिद गर्नसक्ने र नियम ८४ बमोजिम रु.५ लाखभन्दा माथि रु.२० लाखसम्मको खरिद सिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। कार्यालयले सिलबन्दी दरभाउपत्रको आधारमा खरिद कार्य गर्न सकिनेमा पटक पटक टुक्रा टुक्रा गरी भुक्तानी गरेकोले खरिद कार्य मितव्ययी एवं प्रतिस्पर्धी नभएको देखिन्छ। केही उदाहरणहरुः	

भौ.नं. मिति	फर्मको नाम	खरिद गरिएको सामग्री	रकम
५६.२०७७।०३।२२	श्री कृष्ण मेडिको फर्मा	औषधि खरिद	३९११४०
१२१.२०७७।०३।२६	श्री कृष्ण मेडिको फर्मा	औषधि खरिद	८३७२५
१२७.२०७७।०३।२६	जनमुक्ति हेल्थ क्लव	न्यानो झोला खरिद	१३४४१३
१६७.२०७७।०३।२३	विमुभ मेडिको फर्मा	औषधि खरिद	४४९७६०
१७३.२०७७।०३।३१	धौलागरी अफसेट	मसलन्द सामग्री	९४२९५
१७३.२०७७।०३।३१	अफिस सामान सप्लाई	मसलन्द सामग्री	९७४५१
१६०.२०७७।३०।३०	धौलागरी अफसेट	मसलन्द सामग्री	३३५३६३
१६०.२०७७।३०।३०	न्यू कम्प्यूटर बजार	विविध सामग्री	९६२०५
३४.२०७६।११।१९	सिद्धि गणेश आयूर्वेद	आयूर्वेद औषधि	३३००६४
८०.२०७७।०३।१०	काठमाडौ आयूर्वेद	आयूर्वेद औषधि	३०००००

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

८२.२०७७।०३।१४	बिनोद आयूर्वेद	आयूर्वेद औषधि	५०००००
८५.२०७७।०३।१६	धौलागरी अफसेट	मसलन्द सामग्री	९६७१६
८९.२०७७।०३।१७	प्रोफेसनल कम्प्युटर	IT सामग्री	८००००
६५.२०७७।०२।०८	धवलागिरी भेट सेन्टर	भेट सामग्री	२०५०००
६८.२०७७।०२।२३	धौलागिरी बिउ भण्डार	बिउ खरिद	१९७०००
१४०.२०७६।१०।२१	अफिस सामान सप्लाई	मसलन्द सामग्री	३७७८९४

३६. **कर दाखिला नभएकोः** आयकर ऐन २०५८ को दफा ८७ मा पारिश्रमिक आयकर, दफा ८८ मा ढुवानी कर, दफा ८९ मा अग्रिम आयकर तथा नियमानुसारको भत्ता रकममा पारिश्रमिक कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । गाँऊपालिकाले विभिन्न कार्यक्रम संचालन बापत कट्टा गर्नुपर्ने कर रकम कट्टा नगरेको देखिएकोले सम्बन्धितबाट असुल गरी राजस्व खातामा दाखिला गर्नुपर्ने रु. — ३८००३

भौ.नं.	मिति	कर विवरण	छुटेको कर रकम
१६८	२०७६/१०/२८	अग्रिम आयकर	११५०
१६९	२०७६/१०/२८	अग्रिम आयकर	५१४
२८४	२०७७/०२/०६	अग्रिम आयकर	१९५७
३५४	२०७७/२/२३	अग्रिम आयकर	१२६०
४०७	२०७७/३/०७	अग्रिम आयकर	१२३६
४०५	२०७७/०३/०८	अग्रिम आयकर	४२८६
५००	२०७७/३/३०	बाहाल कर	६७५०
११७	२०७७/०३/२६	अग्रिम आयकर	५४००
४१९	२०७७/०३/३०	पारिश्रमिक कर	३६००
४१९	२०७७/०३/३०	अग्रिम आयकर	५४००
२०३	२०७७/०३/३०	अग्रिम आयकर	२२५०
१३७	२०७६/१०/२०	पारिश्रमिक कर	४२००
		जम्मा	**३८००३**

३७. **प्रमाण पेश गर्नुपर्ने :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम ३ अनुसार खर्च गर्दा खर्चको बील भर्पाई तथा रीत पुगे नपुगेको जाँच गरी लेखा राख्नुपर्ने उल्लेख छ । यस पालिकाले तपशीलको भुक्तानी दिंदा आवश्यक बिल भर्पाई संलग्न नरहेकोले प्रमाण पेश गर्नुपर्ने रु. — १०९९६५१

भौ.नं. र मिति	भुक्तानी पाउनेको नाम	विवरण	रकम
४४३-२०७७/३/३१	सृष्टि हार्डवेयर	पाइप खरिदको मागफाराम तथा जिन्सी दाखिला र हस्तान्तरण फाराम पेश नभएको	६०६०५७
४४९-२०७७/०३/२४	नयाँ पत्रिका दैनिक	विज्ञापन वापत भुक्तानीमा सक्कल विल पेश नभएको	४९३५९४
		जम्मा	**१०९९६५१**

- **उपभोक्ता समिति मार्फत कार्य**

३८. **लागत सहभागिता :** पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
३९.	**हेभी इक्विपमेण्टको प्रयोग :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।	
४०.	**जटिल संरचना निर्माण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामिण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ ।	
४१.	**उपभोक्ता समितिको योगदानः** गो.भौ. २५५ मितिः०७६।१२।३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । जस अनुसार गाऊँपालिकाले वडा कार्यालय भवन रङ्गरोगन तथा भन्याङ निर्माणको मिति २०७६।०८।२४ मा अनुमान रु.५,६०,९४३।- मध्ये पालिकाबाट रु.५,००,०००।- र उपभोक्ता समितिबाट रु ६०९४३।- बेहोर्ने गरी सझौता भएको देखिन्छ। तर उपभोक्ता समितिबाट रु.५,५२,४६९।९७ (लागत अनुमान भन्दा घटी मूल्यांकन भएको अवस्था) को मात्र कार्य सम्पन्न भएको अवस्थामा गाउँपालिकाले सम्झौता बमोजिम अनुपातिक कट्टी गरी रु.४,८३,५३३।- मात्र भुक्तानी दिनुपर्नेमा रु.५,००,०००।- नै भुक्तानी गरेको छ । जस अनुसार बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने देखिएको रु.	७५५२
४२.	**पचास प्रतिशत मू.अ.कर :** मूल्य अभिबृद्धि कर निमयावली, २०५३ (एक्काइसौं संशोधन समेत) २०७६ जेष्ठ १५ गतेदेखि सरकारी निकायले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्ता लाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने मू.अ.कर रकमको पचास प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित आन्तरिक राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र व्यवसायीलाई भुक्तानी गर्नुपर्ने उल्लेख गरेको छ । तर कार्यालयले देहायको ठेक्कामा ५०% भ्याट कट्टा नगरी पूरै भुक्तानी दिएकोले कर समायोजन पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.	११०५२८.६०

भौ.नं.	कार्यक्रम	फर्मको नाम	मू.अ.कर	५०% मू.अ.कर
३७२-२०७७/२/२९	ठेक्काद्वारा मोटरसाइकल खरिद	यादव ब्रदर्स	२२१०५७	११०५२८।६०

४३.	**उपभोक्ता समितिलाई आयोजना व्यवस्थापन खर्च :** गाँऊपालिकाका योजना तथा कार्यक्रमहरुलाई व्यवस्थित गर्न योजना कार्यान्वयनमा लाग्ने व्यवस्थापन खर्च सम्बन्धमा रुतीन लाखसम्मको लागत अनुमानमा रु३,०००। तीन भन्दा माथि १५ लाखसम्मको लागत अनुमान भएको	

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	योजनालाई रु।५,०००। र १५ लाख भन्दा बढी लागत अनुमान भएको योजनाहरुलाई रु।७,०००। को दरले योजना व्यवस्थापन खर्च शीर्षकमा लागत अनुमानमा संलग्ग गरी भुक्तानी गर्ने गरी मिति २०७५।५।११ मा गाऊँकार्यपालिकाबाट निर्णय भएको देखिन्छ । तर पालिकाले देहायको योजनामा उपरोक्त निर्णय विपरीत वढी व्यवस्थापन खर्च भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु।	४०००

भौ.नं. मिति	उपभोक्ता समिति	लागत अनुमान	भुक्तानी आयोजना व्यवस्थापन खर्च	भुक्तानी हुनुपर्ने	वढी भुक्तानी
२४७	रेश नुन्धला माबि कम्पाउण्ड तथा शिलालेख निर्माण उास	९०४७४४	७०००	५०००	२०००
४५४	परपेश्वर राममन्दिर निर्माण उास	१३९४४३७	७०००	५०००	२०००

४४.	**शेयर खरिद :** भौ.नं. ५०६ मितिः २०७७।०।३१ पूँजीगत खर्च शीर्षकबाट पालिकाले राष्ट्रिय सहकारी विकास बैंकको शेयर खरिद गरेको भनी खर्च लेखेको पाइयो । तर उक्त शेयर के कसको नाऊँमा कति कित्ता खरिद गरेको हो र कति कित्ता शेयर पऱ्यो भन्ने विषयमा कुनै विवरण पेश भएन । उक्त शेयर के कति कसका नाउँमा खरिद गरिएको हो प्रमाण पेश नभएको रु.	२००५००
४५.	**लागत अनुमान र कार्य सम्पन्न नभएको :** भौ नं २७३ मिति २०७७।११।२९ गाँऊपालिकाले स्वीकृत वार्षिक कार्यक्रम बमोजिम निजी तथा सामुदायिक जमिनमा सुन्तला पकेट क्षेत्र बनाई सुन्तला रोप्नको लागि उक्त स्थानमा रुख फडानी, कृषि सामग्री (विरुवा, मल, भर्याङ्ग, सिकेचर आदि) वितरण, सुन्तला खेती सम्बन्धी तालिम तथा पोखरी निर्माण र सिँचाई सामग्री वितरण समेतका कार्यक्रमहरुको लागत अनुमान रु.४५,७६,०००। स्वीकृत भएको र उक्त लागतमा रु.३,११,५००। गाँऊपालिकाबाट र बाँकी रु.१४,६०,०००। विउकोट व्यवसायिक कृषि सहकारी उपभोक्ता समितिबाट व्यहोर्ने गरी संझौता भएको देखिन्छ र संलग्न बिलभरपाइको आधारमा सम्झौता बमोजिम भुक्तानी भएको देखिन्छ । तर उक्त कार्यमा गाँऊपालिकाबाट कृषि प्राविधिक हुँदा हुँदै पशु प्राविधिकले अनुगमन गरेको पाइयो । लागत अनुमान बमोजिमको कार्यसम्न्न प्रतिवेदन पेश नभएकाले सम्झौता बमोजिम कार्य भएको नभएकोले यकिन गर्न सकिएन । सम्झौता बमोजिम खाल्टो खनि प्लास्टिक विच्छ्याइ सिँचाइको लागि पोखरी निर्माण कार्यमा रु.८,००,०००। को प्लास्टिक बितरण गरेको भरपाई बमोजिम भुक्तानी भएको देखिन्छ । तर उक्त प्लास्टिक प्रयोग गर्ने खाल्टो खनेको भन्ने कार्य सम्पन्न प्रतिवेदन पेश भएन । अनुगमन मूल्याङ्कन समितिले समेत अनुगमनका क्रममा कतिओटा पोखरी निर्माण सम्पन्न भएको हो उल्लेख गरेको नदेखिंदा सम्झौता बमोजिम कार्यसम्पन्न भयो भनी यकिन नभएकोले पोखरी निर्माण भएको प्रमाण पेश गर्नुपर्ने रु.	८०००००
४६.	**प्लाष्टिक टनेलको भरपाई नभएको :** गो भौ नं ४५३ मिति २०७७।३।२५ बाट कार्यालयले कृषकहरुको प्लास्टिक टनेल निर्माण तथा कृषि अनुदान कार्यक्रमतर्फ लागत अनुमान रु.१४,९१,१५९।२५ स्वीकृत भई गाँऊपालिकाबाट रु.१२,७४,०००। व्यहोर्ने गरी २०७६।१२।०१ मा सम्झौता भएको देखिन्छ । सम्झौता बमोजिम नै कार्यसम्पन्न प्रतिवेदन पेश भई भुक्तानी भएको यस योजनामा प्लास्टिक टनेल निर्माणको लागि बाँस, फलाम तथा प्लास्टिक ढुवानीको विल भरपाई पेश भएको देखिन्छ । तर उक्त टनेलहरु कुन कुन स्थानमा बनेको हो र कति जना कृषकहरु लाभान्वित भए भन्ने विवरण खुलाएको पाइएन । कृषकहरुले उक्त प्लास्टिक टनेलहरु बुझेको भरपाई पेश भएको नदेंखिदा सम्झौता बमोजिम कार्य सम्पन्न भएको यकिन गर्न नसकिएको रु.	१२७४०००
	शिक्षातर्फः	
४७.	**शिक्षा नियमावली :** शिक्षा नियमावली, २०५९ को परीच्छेद ३ नियम १६(झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति बा बढुबाको लागि सिफारिश भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी बिद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य बिबरण अभिलेख अद्यावधिक गरी	

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	राख्नुपर्ने व्यबस्था रहेको छ । गाउँपालिका कार्यालयले नियमाबलीमा व्यवस्था भए बमोजिमको शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका शिक्षक सम्बन्धी बिबरण तयार गर्नुपर्ने हुन्छ । बिद्यालयस्तरमा सँचालन हुने कार्यक्रम कार्यान्वयन सहजीकरण पुस्तिका, २०७६ अनुसार स्थानीय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी यकिन गरी सोही अनुसार खर्च लेख्नुपर्ने व्यबस्था रहेको छ । यसरी अभिलेख नराखिँदा दोहोरो निकासा हुनसक्ने, दरबन्दी अनुसार पदपूर्ति नहुने तथा शिक्षकहरुको समग्र व्यवस्थापन गर्न कठिन हुन जान्छ । तसर्थ नियमावलीको परिपालना गरी शिक्षक सम्बन्धी अभिलेखको उचित व्यबस्थापनमा ध्यान जानुपर्ने देखिन्छ ।	
४८.	**पाठ्यपुस्तकको वितरण भरपाई** : पालिकाले विद्यालयहरुलाई पाठ्यपुस्तकको रकम निकासा गर्दा अघिल्लो आर्थिक वर्ष अन्तको विद्यार्थी संख्याको आधरमा ७५ % र नपुग भएमा विद्यालयको मागफारमको आधारमा २५% निकासा गर्नुपर्नेमा एकैपटक पूरै सय प्रतिशत रकम निकासा गरेको देखिन्छ । गाँऊपालिकाले यस वर्ष आफ्नो क्षेत्रभित्र रहेका ५६ ओटा विद्यालयहरुलाई रु.२०,४७,६९५। पाठ्यपुस्तक बापत निकासा गरेको छ । पाठ्यपुस्तक वापत निकासा गरिएका विद्यालयका कति विद्यार्थीले प्राप्त गरे गरेनन् भन्ने विषयमा पालिकाले अनुगमन निरीक्षण गरेको पाइएन ।	
४९.	**शैक्षिक उत्प्रेरणा कार्यक्रमः** भौ.नं. ६१ र ६२ मिति २०७६।०८।०९ बाट शैक्षिक उत्प्रेरणा कार्यक्रममा सहजिकरण तथा व्यवस्थापन बापत रु.२,७१,१०० राईजिङ् नेपाल प्रा.लि लाई भुक्तानी दिइएको पाइयो । उक्त संस्थाद्धारा पेश भएको प्रस्तावमा कार्यक्रम लागत शीर्षकमा प्रशिक्षण शुल्क वापत रु.३०,०००। मात्र उल्लेख भएको र संलग्न बिल भर्पाईमा सो भुक्तानीलाई पुष्टि गर्ने प्रमाण नरहेको पाइयो र कुन कुन शीर्षकमा के कस्तो खर्च भएको हो यकिन गर्ने आधार भएन । साथै भौ.नं. १७३ मिति २०७६।११।०५ र भौ न १७४ मिति २०७७।११।०६ बाट सोही कार्यक्रमको खाजा खाना वापतको रु.३५,६६०। भुक्तानी गरेको पाइयो । यसरी यस पालिकामा पर्याप्त जनशक्ति हुँदाहुँदै सहजीकरण र व्यवस्थापन वापत प्राईभेट फर्मलाई पुष्ट्याई गर्ने प्रमाण एवं आधार बेगर भुक्तानी दिएको अनियमित देखिन्छ । सो सम्बन्धमा प्रमाण पेश गर्नुपर्ने रु.	२७११००
५०.	**स्मार्ट विद्यालय कार्यक्रम** : भौ.नं २९८ मिति २०७७।०२।२६ बाट स्मार्ट विद्यालय कार्यक्रम अन्तर्गत रु.४,००,०००। र लक्ष्मी मा.वि. ब्याकअप शीर्षकबाट रु.१,००,०००। गरी जम्मा रु.५,००,०००। खर्च लेखिएको छ । उक्त कार्यक्रम अन्तर्गत विविध सामग्री खरिद र हस्तलेखन कार्यक्रम संचालन भएको संलग्न बिल भर्पाई बाट स्पष्ट हुन्छ । सो प्रयोजनको लागि स्वीकृत स्पेसिफिकेशन, खरिद आदेश, सामग्री खरिद प्रतिवेदन, अनुगमन तथा दाखिला प्रतिवेदन लगायत अन्य प्रमाण संलग्न नराखी भुक्तानी दिइएको रकम रु.५,००,०००। को प्रमाण पेश गर्नुपर्ने रु.	५०००००

कामको विवरण	भुक्तानी लिने फर्म वा व्यक्ति	रकम	कैफियत
आई.टी.सामग्री खरिद	प्रोफेसनल कम्प्यूटर सोलुसन	१८६००	खरिद आदेश तथा जिन्सी दाखिला छैन
आई.टी.सामग्री खरिद	प्रोफेसनल कम्प्यूटर ईन्स्टिच्यूट	३०३०००	सोझै खरिद, खरिद आदेश तथा जिन्सी दाखिला छैन
फर्निचर खरिद	सापकोटा फर्निचर	३२००२	खरिद आदेश तथा जिन्सी दाखिला छैन
स्टेसनरी खरिद	नमूना स्टेसनरी	३६००	खरिद आदेश तथा जिन्सी दाखिला छैन

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

हस्तलेखन तालिम प्रशिक्षक खर्च	वामदेव योगी	२००००	स्पष्ट आधार एवं प्रमाण सलग्न छैन
३ थान ब्याट्री खरिद	प्रोफेसनल कम्प्यूटर ईन्स्टिच्यूट	१०००००	खरिद आदेश तथा जिन्सी दाखिला छैन

५१. **विज्ञान प्रयोगशाला :** गाउँपालिकाले विज्ञान प्रयोगशाला व्यवस्थापन वापत जनजीवराज सुशिला मा.वि.लाई रु.७,४३,८६५.६७ भुक्तानी गरेको पाइयो । संलग्न बिल भर्पाई अनुसार विद्यालयले प्रयोगशाला व्यवस्थापनका लागि आवश्यक ल्याब सामग्री तथा कम्प्यूटर खरिद गरिएको पाइयो । सो वापत स्पेसिफिकेशन, खरिद आदेश, सामग्री खरिद प्रतिवेदन, अनुगमन तथा दाखिला प्रतिवेदन संलग्न नराखी रु.७,४३,८६५।६७ भुक्तानी दिइएकोले प्रमाण पेश गर्नुपर्ने रु. — ७४३८६५.६७

भौ.नं. मिति	कामको बिवरण	भुक्तानी लिने फर्म	रकम
१५६-२०७६।११।०६	कम्प्यूटर खरिद	सगरमाथा ईङ्क हाउस एण्ड कम्प्यूटस सोलुसन	२५४५३०.४०
१५६-२०७६।११।०६	फर्निचर खरिद	ग्यालेक्सी फर्निचर	७३४९५
१८६-२०७६।११।०६	ल्याब सामग्री खरिद	श्री बालाजी साईन्स हाउस	३४६१४३
१८६-२०७६।११।०६	फर्निचर खरिद	ग्यालेक्सी फर्निचर	६९६९७.२७

५२. **सामाजिक सुरक्षा :**सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि, २०७२ को दफा ९ अनुसार गाउँपालिका वा नगरपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित अनुसूची ५ बमोजिमको मूल अभिलेख अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखी मूल अभिलेख खाता व्यवस्थित गरी सोही प्रमाणका आधारमा वित्तीय सूचना प्रणाली MIS मा डाटा अपलोड गर्दै दोहोरो नपर्ने गरी अभिलेख भिडान हुने गरी राख्नुपर्नेमा त्यसो नगरेको पाइयो । सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को दफा २२ बमोजिम सामाजिक सुरक्षा भत्ता रकम पालिकामा बैंकिङ्ग सुविधा भए बैंक मार्फत भत्ता वितरण गरिने व्यवस्था मिलाउने उल्लेख छ । यस पालिकाले बैकिङ्ग प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण गरेको पाइयो। यस वर्ष बैंकले विगतका वर्षहरुको बैंक मौज्दात रहेको सामाजिक सरक्षा भत्ताको रकम दुईपटक रु.१,७७,८००। र रु.८०,८००। गरी जम्मा रु.२,५८,६००। यस वर्ष फिर्ता गरेको पाइयो । यसबाट सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि, २०७२ को अनुसूची ८ मा भएको गाउँपालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको विवरण सहित बाँकी रकम भए सोको समेत गाउँपालिकालाई उपलब्ध गराउनेछ भन्ने व्यवस्था प्रतिकूल भहेको पाइयो र यस सम्बन्धमा बैकलाई जिम्मेवार बनाउनुपर्ने देखिन्छ ।

५३. **औषधि खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बीसलाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहले उक्त प्रक्रिया वेगर चालु खर्च सशर्त तथा निशर्तमा रु.८,५०,०००। का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

५३.१. खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,

५३.२. आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

५३.३. आपूर्ति भएका औषधि एंव सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।	
५३.४.	औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,	
५३.५.	औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
५४.	**प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ९५ जनालाई रोजगारी उपलव्ध गराई रु.११,३४,६०२।५० खर्च गरेको छ । लक्षित वर्गलाई ७ दिनदेखि १९ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालिन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालिन रोजगारी सृर्जना भएको देखिंदैन ।	

प्रधानमन्त्री रोजगार कार्यक्रम

क्र.सं.	आयोजनाको नाम	कामको विवरण	स्थान	रोजगारीको दिन संख्या	खर्च रकम रु
१	काठेखोला पुल देखि देउराली हुदै चनौटे जोड्ने पदमार्ग	पदमार्ग निर्माण	काठेखोला गा.पा १	१२ जना	१२३७८९.०७
२	पाला सामुदायिक भवन ग्याविन जाली	जाली निर्माण तथा पहिरो नियन्त्रण	काठेखोला गा.पा १	४ जना	५००००
३	झिमझिमखेत देउराली हुँदै आरन टोल जोड्ने पदमार्ग	पदमार्ग निर्माण	काठेखोला गा.पा १	१० जना	१०००६२.३१
४	नागेडाडां छापा पर्यटन पदमार्ग	पदमार्ग निर्माण	काठेखोला गा.पा १	८ जना	१०००००
५	दपासा चापेको डांडादेखि मछाइने जोड्ने पदमार्ग	पदमार्ग निर्माण	काठेखोला गा.पा २	१३ जना	२२०२०७.२८
६	खाति डांडादेखि सलाम जाने पदमार्ग	पदमार्ग निर्माण	काठेखोला गा.पा २	१२ जना	२२१०७५.७६
७	भारपोख हिले पदमार्ग	पदमार्ग निर्माण	काठेखोला गा.पा ३	२५ जना	१३४०५५.६६
८	सायकटेरा वडा कार्यालय हुदै असौजे जाने बाटो	सडक मर्मत तथा पदमार्ग निर्माण	काठेखोला गा.पा ३	११ जना	१८५४१२.४२
			जम्मा		**११३४६०२।५०**
				जम्मा संख्या जना	**९५**
				कूल रोजगारी दिन	**११४०**
				कूल आयोजना संख्या	**८**

५५.	**डीपीआर खर्च :** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।	

डिपिआर खर्च सम्बन्धी विवरण (रु. हजारमा)

क्र सं	कार्यक्रमको नाम	परामर्शदाता	स्वीकृत बजेट	खर्च रकम

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	१ | गाउँपालिका अन्तर्गतका सडकहरुको डीपीआर गर्ने कार्य | एनकेए इन्जीनियरिङ्ग कन्सल्ट्एट प्रा लि | १९८८८०० | १९८८८००	
	यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.आर.पी. तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।	
५६.	**सफ्वेयर खरिद :** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी रु.२,०६,८०५। खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ । योजनाको लागि खरिद भएकोमा हाल संचालनमा रहेको कार्यालयले जनाएको छ ।	
	राजस्वतर्फः	
५७.	**रसिद नियन्त्रण खाता :** आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम ९२ मा कार्यालयले स्वीकृत ढाँचामा आम्दानी खर्चको लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष राजस्वतर्फ प्रयोग भएको रसीदहरुको स्वीकृत ढाँचामा नियन्त्रण खाता राखेको छैन । रसिद नियन्त्रण खाता नराखेकोले गत बर्ष रसिद प्रयोग गरी बाँकी कति रहेको थियो यस बर्ष कति छपाइ गरी खर्च गरियो र बाँकी रहेको छ सो स्पष्ट देखिने गरी अभिलेख नराखेको कारण अम्दानी यकिन गर्न सकिएन । तसर्थ नियमावलीले तोकेको ढाँचामा रसिद नियन्त्रण खाता तथा नगदी रसिदतर्फको आर्थिक विवरण तयार गरी राख्नुपर्दछ ।	
५८.	**रकम ढिला दाखिला :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिकरुपमा दाखिला गर्नुपर्ने र दैनिकरुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिनभित्र बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । स्थानीय तह अन्तरगतका वडाहरुले बर्षान्तमा मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्नेतर्फ सम्बन्धित पक्षको ध्यान जानुपर्दछ ।	
५९.	**कर तथा शुल्क असुली :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५८, ५९ र ५७ मा एकीकृत सम्पत्ति कर र घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । यस वर्ष गाऊँपालिकाले उल्लेखित कर तथा शुल्कबापत रु.२६,९४,६०९।३४ आम्दानी भएको विवरण पेश गरेकोमा कुन शीर्षक बापत कति रकम उठेको हो यकिन गरी आम्दानी बाँधेको पाइएन ।	
६०.	**राजस्वको अभिलेख :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष राजस्व आम्दानीतर्फ म.ले.प.फा.नं. १०८, १०८क र २३ का खाताहरू राखेको छैन । गाँऊपालिकाको राजस्व असुली र दाखिलातर्फ देखिएका व्यहोराहरु निम्नानुसार छन्।	
६०.१.	गाउँपालिका तथा वडा कार्यालयको आम्दानीमा आन्तरिक आयमा प्रयोग हुने रसिदको छपाई,	

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>आम्दानी, खर्च र बाँकीको अभिलेख देखिने रसिद नियन्त्रण खाता व्यवस्थित गरी राखेको देखिएन, पालिकाले अघिल्लो आ.ब मा प्रयोग भइ बाँकी रहेका रसिदका ठेलिहरु यस आर्थिक वर्षमा आम्दानी बाँधी पुनःप्रयोग गर्नुपर्नेमा त्यसो गरिएको पाइएन। यस आर्थिक वर्षमा वडाहरुले रसिद ठेली लैजादा बुझेर लाने गरेको देखिएन। वडालाई बुझाएको सम्पुर्ण रसिदहरु मध्ये केही रसिदहरु हालसम्म पनि फिर्ता प्राप्त लिई आम्दानी यकिन नगरेको, राजश्व असुलीको दैनिक अभिलेख किताब म.ले.प.फा.नं.१०८ मा बिवरणहरु व्यवस्थित रुपमा उल्लेख गरी नराखेको, वडालाई बुझाएको रसिदको अभिलेख अनुसार भिडान गर्न नसकिएकोले सो अनुसार आम्दानी बिवरण पेश नभएकोले कुन शीर्षकमा कति आम्दानी भयो भन्ने यकिन गर्न सकिएन । कार्यालयले अभिलेख व्यवस्थित गरी आम्दानी यकिन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६०.२.</td><td>कार्यालयले यस आर्थिक बर्षमा राजस्व व्यवस्थापनको सफ्टवेयर समेत लागू गरेको पाइयो । नगदी रसिदको लागी सवै वडाहरुले सफ्टवेयर प्रयोग गरेको भनी कार्यालयले जनाएको छ । तर वडा नं ५ ले र.नं. ८५१ देखि ९५० सम्म २ ठेली र वडा नं ६ ले र.नं. ९५१ देखि १००० सम्म १ ठेली नगदी रसिद पनि बुझेर लगेको देखिन्छ । उक्त रसिदहरु लेखापरीक्षणको क्रममा पेश हुन आएन। रसिद पनि प्रयोग हुने र सफ्टवेयरबाट पनि रसिद काटिंदा दोहोरो हिसाब भएको नभएको यकिन गर्न सकिएन । कार्यालयले उक्त रसिद ठेलीहरु सम्बन्धित वडा कार्यालयबाट बुझिलिई आम्दानी यकिन गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>६०.३.</td><td>वडाले बुझिलगेका र हालसम्म फिर्ता नआएका र लेखापरीक्षको क्रममा पेश नभएका देहायका रसिदहरुबाट के कति आम्दानी भयो र दाखिला भयो भन्ने यकिन गर्न सकिएन । कार्यालयले वडाबाट रसिद फिर्ता माग गरी आम्दानी यकिन गरी दाखिला गर्नुपर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>वडा नं.</th><th colspan="2">रसिद</th></tr>
<tr><th></th><th></th><th>देखि</th><th>सम्म</th></tr>
<tr><td>१</td><td>४</td><td>३०५१</td><td>३१००</td></tr>
<tr><td>२</td><td></td><td>३१५१</td><td>३२००</td></tr>
<tr><td>३</td><td>८</td><td>७०१</td><td>८००</td></tr>
</table>
लेखापरीक्षणका क्रममा पेश भएका रसिदहरुमा जोडजम्मा तथा शीर्षक वसालि हिसाब राखेको छैन । उक्त रसिदहरुबाट शीर्षकगत के कति आम्दानी भएको हो यकिन गर्न सकिएन। अतः पालिकाले आम्दानी रुजू गरी ऐनको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०८, १०८क र म.ले.प.फा.नं. २३ का नयाँ संशोधित फाराममा प्रविष्ट गरी राजस्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६०.४.</td><td>रकम दाखिला नगरेकोः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९(६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैङ्क दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिनभित्र बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा पेश भएका नगदी र मालपोत रसिद परीक्षण गर्दा देहायका वडा नं ४ ले बुझिलगेको नगदी रसिद ठेली र मालपोतको अनलाइन इन्ट्रीको जोडजम्मा समेत गरी रु।२,३९,४६५। आम्दानी भएको देखिन्छ । लेखापरीक्षणको क्रममा पेश भएको दाखिला भौचरबाट रु।२,०१,०५५। मात्र दाखिला भई बाँकी रु। ३८,४१०। रुपैयाँ राजस्व दाखिलाको भौचर पेश भएन । उक्त रकम बरारबको राजस्व दाखिलाको भौचर पेश गर्नुपर्ने अन्यथा रसिद काट्ने कर्मचारीलाई जिम्मेवार बनाइ असुल गर्नुपर्ने रु.
<table>
<tr><th colspan="2">आम्दानी</th><th rowspan="2">दाखिला विवरण</th><th rowspan="2">रकम</th></tr>
<tr><th>रसिद नं</th><th>रकम</th></tr>
<tr><td>२९०१.२९५०</td><td>६९२०</td><td>२०७६।१०।२</td><td>९००००</td></tr>
</table></td><td>४६२५०</td></tr>
</table>

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

३८५१.३९००	९७३५	२०७६।१०।३	१४२००	
२४५१.२५००	५८६५	२०७७।०३।३०	७९८८५	
३००१.३०५०	४३८५	२०७६।११।३०	१७०००	
३०५१.३१००	७८७०			
अनलाईन इन्ट्रीबाट	२१२५६०			
जम्मा	**२४७३३५**	**जम्मा**	**२०१०८५**	

६१. **स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम -** स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहाय अनुसार २ परियोजना सञ्चालन गर्न रु.१,२३,६५,०००।. बजेट प्राप्त भएकोमा यस कार्यक्रममा रु.९९,९२,९४९।. र बाँकी रहेको रु।१६,४६,०१९।. कोभिड कोषमा पठाएको समेत रु।१,१६,३८,८६८। खर्च भई ८०.८१ प्रतिशत भौतिक प्रगति प्राप्त भएको देखिन्छ ।

आयोजनाको प्रकार	आयोजनाको संख्या	बजेट रकम	खर्च रकम	कोभिड कोषमा पठाएको	वित्तीय प्रगति प्रतिशत	भौतिक प्रगति प्रतिशत
सडक निर्माण	२	१२३६५०००	९९९२९४९	१६४६०१९	८०।८१%	१००%

६२. **अध्यक्षकप खेलकुद तथा सांस्कृतिक कार्यक्रमः** भौ नं २५३-२०७६/१२/०३ बाट गाँऊपालिकाले यस शीर्षक अन्तर्गत वार्षिक बजेटबाट रु.१५,००,०००/- बिनियोजन गरी अध्यक्षकप खेलकुद तथा सास्कृतिक कार्यक्रममा खर्च गरेको र अपुग रकम सोही भौचर नं र मितिबाट विल भरपाइको आधारमा आन्तरिक आय तथा विविध खर्च शीर्षकबाट रु.४,३९,७४१ गरी जम्मा १९,३९,७४१/ खर्च लेखेको देखिन्छ । नेपाल सरकारको प्रचलित कुनै पनि नर्मसको परिधिभित्र नरही विभिन्न क्रियाकलापहरु जस्तै मेस व्यवस्थापन, खाना तथा आवस, नृत्व प्रतियोगिताका निर्णायक, वक्तृत्वकाला निर्णायक पारिश्रमिक समेत अन्य विविध शीर्षकमा गरेको खर्च स्वभाविक देखिँदैन । कार्यालयले आफ्नो आन्तरिक आम्दानीलाई समेत ध्यान दिँदै यस्ता प्रकृतिका खर्चमा नियन्त्रण गर्नुपर्नेमा नगरेकोले नियमित नदेखिएको रु — १९३९७४१

६३. **विपद व्यबस्थापन तथा कोरोना कोष :** विश्वमा चलेको कोरोना महामारीको नियन्त्रण तथा व्यवस्थापनको लागि पालिकाले विपद व्यवस्थापन तथा कोरोना कोष खडा गरेको पाइयो । उक्त कोषमा संघीय सरकारबाट रु.२,९३,५५०। प्रदेश संचित कोषबाट रु.३,७५,०००।, स्थानीय तहको बजेट रकमान्तर गरी रु.१०,००,०००।, निर्वाचन क्षेत्र विकास कार्यक्रमबाट रु.१६,४६,०१९।, प्रदेश कोभिड कोषबाट रु.५,००,०००, अन्य संघसस्थाबाट सहयोग बापत रु.३०,३५,५२८। गरी जम्मा रु.६८,४०,०९७। आम्दानी भएकोमा यस गाउँपालिकामा कोरोना राहत हेल्पडेस्क सञ्चालन, क्वारेण्टिन निर्माण, आइसोलेशन निर्माण, स्वास्थ्य सामग्री खरिद समेत रु.४०,८०,३९२। खर्च भएको देखिन्छ ।

आय		व्यय	
विवरण	**रकम**	**विवरण**	**रकम**
संघीय सञ्चित कोषवाट	२९३५५०	राहत वितरण	१४५५२४०
प्रदेश सञ्चित कोषवाट	३७५०००	क्वारेन्टिन होल्डिङ सेन्टर निर्माण व्यवस्थापन खाना खाजा खर्च सहित	१८११२०७
स्थानीय तहको आफ्नै बजेटबाट बिनियोजन भएको	१००००००	आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन तथा हेल्डिङ सेन्टर व्यबस्थापनको लागि बाग्लुङ नगरपालिकालाई दिएको	२०००००

दफा नं.	भौ.नं., मिति र ब्यहोरा				बेरुजू रकम
	संघीय कोभिड कोषबाट निर्बाचन क्षेत्र बिकास कार्यक्रमबाट	१६४६०१९	जनशक्ति परिचालन	१०३२१२	
	प्रदेश कोभिड कोषबाट	५०००००	औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद	२९९२३३	
	अन्य स्रोतबाट प्राप्त बिभिन्न संघ संस्थाहरुबाट प्राप्त भएको	३०२५५२८	स्वास्थ्य पूर्वाधार निर्माण		
			अन्य शीर्षकमा भएको खर्च गाडी भाडा खर्च	२११५००	
			बाँकी	२७५९७०५	
	जम्मा	**६८४००९७**	**जम्मा**	**६८४००९७**	

६४. **पेश्की बाँकी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उपनियम (५) बमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग विल वा अन्य विल विजकबाट कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तपशील अनुसार सस्था तथा निर्माण व्यवसायीहरूलाई भुक्तानी दिएको मोविलाईजेशन पेश्की फछ्र्यौट हुन बाँकी देखिएकोले सम्झौता अनुसार फछ्र्यौट हुनुपर्ने रु. ६३३६४८६

भौ.नं. र मिति	पेश्कीको विवरण	पेश्की लिनेको नाम	पेश्की रकम
११-०७७/३/२	एकपाटा बौर सडक आयोजना	जोशी निशान आचार्य जेभी	५९०००००
४-०७६/९/१४	जनता खोला बेच, चिप्लेचौर घाट झो.पु	चिप्लेचौर घाट झो.पु उपभोक्ता समिति	४३६४८६
		जम्मा	**६३३६४८६**

६५. **अनुगमन तथा सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाबाट गत विगत वर्षको बेरुजू फछ्र्यौटको तथा अध्यावधिक बेरुजूको स्थिति निम्नानुसार देखिएको छ । (रु.हजारमा)

गत वर्षसम्मको बाँकी बेरुजू **(A)**	यो वर्ष सम्परीक्षण गरिएको बेरुजू **(B)**	यो वर्ष कायम बेरुजू **(C)**	सम्परीक्षणबाट कायम बेरुजू **(D)**	अध्याविधक बाँकी बेरुजू **(E=A-B+C+D)**
२८४३३	०	१७१५६	०	९३९९०

काठेखोला गाउँपालिकाको संचितकोष विवरण
२०७६।०७७

अनुसूची १
(रु हजारमा)

प्रदेशः गण्डकी

क्र. सं.	स्थानीय तह	जिल्ला		आय				जम्मा आय					मौज्दात
			गत वर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व बाँडफाट	आन्तरिक आय	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५	६ (२+३+४+५)	७	८	९	१० (७+८+९)	११ (१+६-१०)
१	काठेखोला गाउँपालिका	बागलुङ	३०२७५	३४३६५२	५३०३१	३०८८	१२५९७५	५२५७४६	६२५१८	१२९८५३	३४३६२८	५३५९९९	२००२२

बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७६।०७७

अनुसूची २
(रु हजारमा)

सि.. नं.	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक वेरुजु			प्रतिक्रियावाट फर्छ्यौट			वाँकी वेरुजु			वाँकी वेरुजु								
			दफा संख्या			दफा संख्या			दफा संख्या				नियमित गर्नुपर्ने					पेश्की		
			सैद्धान्तिक	लगति	रकम	सैद्धान्तिक	लगति	रकम	सैद्धान्तिक	लगति	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	बागलुङ	काठेखोला गाउँपालिका	५०	२३	२६१०४	०	०	८९४८	५१	२२	१७१५६	२६०	३४११	७१४९	०	०	१०५६०	०	६३३६	६३३६

अनुसूची ३
(रु हजारमा)

अद्यावधिक वेरुजु स्थिति

क्र.सं.	स्थानीय तह	जिल्ला	गत बर्ष सम्मको बाँकी	समायोजन	सं.प. लाई अनुरोध भइ आएको	सम्परीक्षण भएको	सम्परीक्षण गर्न नमिलेको	कारवाही गर्न बाँकी	गत बर्ष सम्मको बाँकी	यो वर्षको थप रकम	५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु	यो बर्ष सं.प. बाट कायम बेरुजु	कूल बाँकी बेरुजू	५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु मध्ये पेश्की
१	काठेखोला गाँऊपालिका	बाग्लुङ्ग	२८४३३	०	०	०	०	०	२८४३३	१७१५६	४५५८९	०	४५५८९	६७८७